REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 22.01.2026

## राष्ट्रिय खेलकुद विश्वविद्यालय र SAI केन्द्रहरू स्थापना गर्न भाजपा सिक्किमको आह्वान

भाजपा सिक्किम प्रदेश महासचिव अर्जुन राईले हिजो नयाँ दिल्लीमा केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डावियासँग भेट गरे। अन्तरक्रियाको क्रममा श्री राईले सिक्किम र अन्य पूर्वोत्तर राज्यहरूमा खेलकुद विकासका लागि अपार अवसर र सम्भावनाको बारेमा छलफल गरे। उनले क्षेत्रका प्रतिभाशाली युवाहरू र एथलेटिक उत्कृष्टतालाई बढावा दिन पूर्वाधारको आवश्यकतामाथि प्रकाश पारे। खेल विज्ञानमा विशेष शिक्षा, प्रशिक्षण र अनुसन्धान प्रदान गर्न सिक्किममा समर्पित राष्ट्रिय खेलकुद विश्वविद्यालय स्थापना गर्न माग गर्दै श्री राईले मन्त्रीलाई विस्तृत ज्ञापनपत्र बुझाए। सिक्किमको प्रत्येक जिल्लामा भारतीय खेलकुद प्राधिकरण (साई) केन्द्रहरू स्थापना गर्न पनि आग्रह पनि उनले गरे। डा. मण्डावियाले प्रस्तावहरू ध्यानपूर्वक सुन्नुभयो र सिक्किम तथा पूर्वोत्तरमा खेलकुद पूर्वाधारलाई अगाडि बढाउन विचार गरिने आश्वासन पनि दिनुभयो।

---

## पुलिस सिक्किम प्रहरीलाई 'प्रेसिडेंट्स पुलिस कलर' प्रदान गरिने

भारतमा प्रहरी बललाई प्रदान गरिने सर्वोच्च सम्मान, प्रतिष्ठित 'प्रेसिडेंटस पुलिस कलर' (निशान) सिक्किम पुलिसलाई प्रदान गरिनेछ, जुन यस बलको 129 वर्षको सेवामा ऐतिहासिक कोशेढुङ्गा हो। पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सिक्किमका पुलिस महानिदेशक अक्षय सचदेवले भन्नुभयो यो सम्मानले विशेष गरी भारत संघमा सिक्किमको विलय पछि सिक्किम पुलिसको असाधारण सेवा, व्यावसायिकता र कानून व्यवस्था कायम राख्न र राज्यका जनताको सेवा गर्ने प्रतिबद्धतालाई मान्यता दिन्छ। जानकारी दिए कि जनवरी 16 मा पुरस्कार प्रदान गर्ने सम्बन्धमा गृह मन्त्रालयबाट आधिकारिक सूचना प्राप्त भएको थियो भनि डीजीपीले ले जानकारी दिनुभयो। उनले थपे कि मन्त्रालयले चिन्ह् स्वीकृत गरेको एक महिना भित्र

प्रहरी रंबको औपचारिक प्रस्तुतीकरणको लागि विशेष औपचारिक परेडलाई अन्तिम रूप दिइनेछ। श्री सचदेवले थप भन्नुभयो कि मन्त्रालयले चिन्ह स्वीकृत गरेपछि एक महिना भित्र प्रेसिडेंटस पुलिस कलर'_को औपचारिक प्रस्तुतीकरणको लागि विशेष परेडलाई अन्तिम रूप दिइनेछ। मन्त्रालयको मापदण्ड अनुसार र संवैधानिक अधिकारीहरूको उपस्थितिमा परेडको क्रममा पुरस्कार प्रदान गरिनेछ। सिक्किम पुलिसका सबै श्रेणीहरूलाई सम्मान समर्पित गर्दै, डीजीपीले भन्नुभयो यो पुरस्कार, स्थापनाकालदेखि नै समर्पण र इमान्दारीका साथ सेनाको सेवा गर्ने प्रत्येक अधिकारी र कर्मचारीको हो। यो मान्यतासँगै प्रेसिडेंटस पुलिस कलर'_प्राप्त गर्ने सिक्किम देशको 15 औं राज्य बनेको छ।

---

## नामथाङस्थित डिवाइन रिहैबिलिटेशन सेंटरमा, आउटरिच परामर्श कार्यक्रमहरू

सिक्किम सरकारको समाज कल्याण विभागको सहकार्यमा स्वास्थ्य तथा परिवार कल्याण विभागको व्यसन चिकित्सा केन्द्र (चुवाटार) द्वारा आयोजित नामथाङ दक्षिण सिक्किमस्थित डिवाइन रिहैबिलिटेशन सेंटर अर्थात् पुनर्वास केन्द्रमा आज नशा मुक्त भारत अभियान कार्यक्रम सफलतापूर्वक सञ्चालन गरियो।

यस पहलको उद्देश्य चिकित्सा, मनोवैज्ञानिक र परामर्श हस्तक्षेपहरू मार्फत मादक द्रव्य हरुको सेवन सम्बन्धि विकारहरूसँग संघर्ष गरिरहेका व्यक्तिहरूलाई समग्र हेरचाह र सहयोग प्रदान गर्नु थियो।

---

## गान्तोकको लाल बजारमा मृत फेला परेको अज्ञात व्यक्तिको पहिचान खोज्दै भारतीय नागरिक सुरक्षा संहिता

गान्तोकको सदर पुलिस चौकीले हिजो गान्तोकको लाल बजारमा

अप्राकृतिक रहेको किसान बजार भवनको भुइँ तल्लामा एक अज्ञात पुरुष मृत फेला परेको घटनापछि अस्वाभाविक मृत्युको मुद्दा दर्ता गरेको छ।

3 मृतकको उमेर लगभग 42 वर्ष, लगभग 5 फिट 4 इन्च अग्लो र देब्रे गाला र निधारमा देखिने कोठीहरू सहित रातो टी-शर्ट र कालो ट्र्याक प्यान्ट लगाएको छ। शवलाई पहिचान गर्न र आफन्त वा अभिभावकहरूले कानुनी दाबी गर्न 72 घण्टाको लागि गान्तोकको सोचकगाङस्थित नयाँ एसटीएनएम अस्पतालको शवगृहमा सुरक्षित राखिएको छ। भारतीय नागरिक सुरक्षा संहिता, 2023 को धारा 194 अन्तर्गत मुद्दा दर्ता गरिएको छ र सदर पुलिसले

अनुसन्धान गरिरहेको छ। मृतकको पहिचान स्थापित गर्न मद्दत गर्ने कुनै पनि जानकारी भएमा जनतालाई चाँडोभन्दा चाँडो सदर पुलिस चौकी, गान्तोकमा सम्पर्क गर्न अनुरोध गरिएको छ।

---

## जोरथाङ माघे संक्रान्ति मेलाको 11 औं अखिल भारतीय मुख्य मन्त्री स्वर्ण कप फुटबल प्रतियागीताका फाइनल खेल Nongkseh स्पार्टिङ क्लब शिलोंग बनाम बीएसएफ जलन्धर बिच सम्पन्न

जोरथाङ माघे संक्रान्ति मेलाको अवसरमा सम्पन्न भइरहेको 11 औं अखिल भारतीय मुख्य मन्त्री स्वर्ण कप फुटबल प्रतियोगीताका फाइनल खेल जारथाङ खेलमैदानमा BSE Nongkseh स्पार्टिङ क्लब शिलोंग बनाम बीएसएफ जलन्धर बिच सम्पन्न भयो। निर्धारित समयका मध्याह्न अघि शिलोंगले पहिलो गाल गरि विजय बनेको छ।।

---